

# अध्याय -९

## येरूशलेममा भएको वादविवाद

*<u>यस अध्यायमा मुख्य पदहरू:</u>* मर्कूस ११; १ राजा १:३२-४८; जकरिया ९:९,१०; यशैया ५६:७; यर्मिया ७:११; मर्कस १२:१-३४।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"जब तिमीहरू प्रार्थना गर्न खड़ा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन्।" मर्कूस ११:२५।**

येशू र धार्मिक पण्डित तथा अगुवाहरूको बिचमा भएका वादविवाद पाँच ऋङ्खलाबद्ध रूपमा मर्कूस २ र ३ मा उल्लेख गरिएका छन्। जब उहाँ यरुशलेममा पुग्नुभएको थियो धार्मिक पण्डित र अगुवाहरूसँग भएका ६ ऋङ्खलाबद्ध वादविवाद यस अध्यायमा अध्ययन गर्नेछौं। ती दुई समूहका छवटा वादविवादहरूले यस संसारमा येशूको सेवाकार्यको सुरु र अन्तलाई बुझाउँछ। वादविवादको प्रत्येक समूहले इसाई जीवनका महत्त्वपूर्ण विषयवस्तुहरूको मामिलामा ध्यान दिइएको छ। विवादस्पद परिस्थितिमा येशूले दिनुभएका शिक्षादीक्षाहरू विश्वासीहरूलाई मौलिक आस्था र दैनिक जीवनमा सामना गर्नुपर्ने विषयवस्तुहरू मार्गनिर्देशनको रूपमा लिन सक्नुपर्दछ।

यहूदी धर्मका धार्मिक अगुवा र पण्डितहरू अनेकौं विवादस्पद विषयवस्तुहरू प्रस्तुत गरेर उहाँसँग सामना गरेका थिए। उहाँलाई दवाउन,

अलमलमा पार्न र हराउन तिनीहरूले भरमग्दुर प्रयास गरेका थिए तर तिनीहरू कहिल्यै पनि सफल भएनन्। मानिसहरू परमेश्वरको विरुद्धमा किन लाग्छन् र उहाँलाई विश्वास गर्न किन मनपराउँदैनन् भन्ने विषयवस्तु केही मात्रामा यस अध्यायमा विश्लेषण गर्नेछौं। मानिसहरूमा भएका परमेश्वर प्रतिको पूर्वाग्रहको पर्खाललाई सत्यवादी येशूभक्तहरूले कसरी भत्काउने र तिनीहरूलाई बोलीरहनुहुने पवित्र आत्माको मधुरो आवाजलाई दवाइ रहने मानिसहरूका हृदयमा कसरी पुग्ने भन्ने विषयलाई हामीले नियाल्नेछौं।

*निस्तार चाडको समयमा (मार्च-अप्रिल) येशू यरुशलेममा सेवाकार्य गर्नु हुने थियो। मर्कूस ११-१६मा भएको वृतान्त एक हप्ताभन्दा अलिकति बढि थियो। त्यस पछि येशूको बारेमा गरिने वृतान्त उल्लेखीय रूपमा सुस्त भएको थियो। पहिलो १० अध्यायहरूको वृतान्त कमसेकम तीन वर्ष छ महिनासम्मको थियो। अनि वृतान्तमा सुस्त हुनुले येशूका अन्तिम दिनहरूका महत्त्वलाई औंल्याउनको निम्ति थियो।*

## १. विजयको घोषणा गर्दै प्रवेश

मर्कूस ११:१-११ र जकरिया ९:९,१०मा के विवरण उल्लेख गरिएको छ? हेर्नुहोस्, " १ जब उहाँहरू यरूशलेमको नजिक जैतून डाँड़ाको छेउमा बेथफागे र बेथानिया भन्ने ठाउँमा आइपुग्नुभयो, तब उहाँले आफ्ना चेलाहरूमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, २ "तिमीहरूका सामुन्नेको गाउँमा जाओ, र पस्दापस्दै तिमीहरूले अहिलेसम्म कोही मानिस नचढ़ेको एउटा गधाको बछेड़ो भेट्टाउनेछौ। त्यसलाई फुकाएर यहाँ ल्याओ। ३ कसैले तिमीहरूलाई 'यो के गरेको?' भन्यो भने, 'प्रभुलाई यसको खाँचो परेको छ, र उहाँले चाँड़ै फर्काइदिनुहुनेछ' भन।" ४ तब तिनीहरू गए, र त्यो बछेड़ो खुला गल्लीमा एउटा घरको बाहिरपट्टि ढोकानेर बाँधिएको भेट्टाए, र त्यसलाई फुकाए। ५ त्यहाँ उभिएकाहरूमध्ये कसै-कसैले तिनीहरूलाई सोधे, "बछेड़ालाई फुकाएर तिमीहरू के गर्दैछौ?" ६ येशूले तिनीहरूलाई अह्राउनुभएजस्तै तिनीहरूले भने, र उनीहरूले तिनीहरूलाई जान दिए। ७ तिनीहरूले बछेड़ो येशूकहाँ ल्याए, र आफ्ना वस्त्रहरू त्यसमाथि राखिदिए, र उहाँ त्यसमाथि सवार हुनुभयो। ८ धेरैले आफ्ना वस्त्रहरू र अरूहरूले मैदानबाट स्याउलाहरू काटेर बाटोमा ओछ्याए। ९ अनि उहाँको अगि-अगि हिड्ने र पछिपछि आउनेहरूले यसो भन्दै जय-ध्वनि लगाए, "होसन्ना! धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ! १० धन्य होस्, हाम्रा पिता

**दाऊदको त्यो आउने राज्य, परमधाममा होसन्ना!” ११ उहाँ यरूशलेममा आएर मन्दिरभित्र पस्नुभयो। अनि उहाँले वरिपरिका सब थोकमाथि नजर गर्नुभएपछि अबेला भएको हुनाले बाह्रै जनाका साथमा उहाँ बेथानिया जानुभयो।" मर्कूस ११:१-११ र " ९ हे सियोनकी छोरी, खूब रमाऊ। हे यरूशलेमकी छोरी, जोरसित कराऊ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ। उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ। उहाँ भला हुनुहुन्छ, र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ। १० म एफ्राइमबाट रथहरू र यरूशलेमबाट जङ्गीघोड़ाहरू लैजानेछु, र लड़ाइँको धनु भाँचिनेछ। उहाँले जाति-जातिहरूलाई शान्तिको घोषणा गर्नुहुनेछ। उहाँको राज्य समुद्रदेखि समुद्रसम्मै र यूफ्रेटिस नदीदेखि पृथ्वीको अन्तसम्मै हुनेछ।" जकरिया ९:९-१०।**

यस कथाको आधा भाग त येशूले दुई जना चेलाहरूलाई नजिकको गाउँमा गएर ल्याउन अऱ्हाउनुभएको विवरण छ। उहाँ गधामा चढेर यरुशलेममा जाने उहाँको कार्यक्रम थियो। तर यस विवरण किन विस्तृत रूपमा दिइयो?

त्यसको जवाफ दुईवटा छ। येशूमा भएका भविष्यवाणीका शक्तिहरूलाई यसले प्रकट गर्दछ। उहाँ सम्मानसाथ यरुशलेममा आउनु भनेको उहाँले परमेश्वरको चाहनासँग जोडिएको देखाएको थियो। दोस्रोमा, उहाँको कथा जकरिया ९:९,१०सँग जोडिएको पक्षलाई लिन सकिन्छ। यसमा राजा यरुशलेममा गधामा चढेर आएको लेखिएको छ। राजा सोलोमन यरुशलेममा आउँदा गधामा चढेर आएका थिए (१ राजा १:३२-३८)। येशूको कार्यमा राजा सोलोमनलाई याद दिलाउँछ। जब आदोनियाहले दाउदको सिंहासन खोस्न लागेको थियो त्यसबेला उनले सोलोमनको शिरमा तुरन्तै राजमुकुट लगाउन हुकुम दिएका थिए। त्यसबेला सोलोमन खच्चरमा चढेर गिहोनमा गएका थिए जहाँ उनलाई राजा घोषणा गरिएको थियो।

"येशूको जन्मनुभएको पाँच सय वर्ष पहिले अगमवक्ता जकरियाले इस्राएलमा आउनुहुने राजाको बारेमा भविष्यवाणी गरेका थिए। यो भविष्यवाणी यसरी पूरा भयो। राजकीय सम्मानलाई अस्वीकार गर्नुहुने येशू अब यरुशलेममा आउनुहुन्छ। दाउदको गद्दीको हकवालाको प्रतिज्ञा गरिएको उहाँ नै हुनुहुन्थ्यो।"-द डिजाएर अभ एजेज, पृ ५६९।

यरुशलेम सहर पहाडी इलाकामा छ। यो कमसेकम २,४०० फुट वा ७४० मिटर अग्लो पहाडमा छ। येशूको समयमा यहाँको जनसंख्या

४०,०००देखि ५०,००० जति थियो। निस्तार चाडमा त्यसबेला धेरै मानिसहरू हुन्थे। यो २५० एकर वा २००० रोपनीमा अवस्थित सहर थियो। मन्दिर भएको पहाड करिब ३७ एकर वा २९६ रोपनी क्षेत्रफलमा थियो। त्यस सुन्दर मन्दिर र त्यसको परिसरले सहरलाई सोभा दिएको थियो।

येशू पूर्वबाट त्यस सहरमा प्रवेश गर्नुभएको थियो। उहाँ जैतुनको डाँडाबाट ओर्लन्दै सुनौलो द्वारबाट मन्दिर भएको पहाडमा प्रवेश गर्नुभएको थियो (अहिले त्यस द्वारलाई ईँटाहरूले छोपेको छ)। उहाँ सहरमा प्रवेश गर्नुहुँदा सारा सहर नै हलचल मच्चिएको थियो। येशूको चिन्हको रूपमा गरिएको यो क्रियाकलापको महत्त्व सबैले महसुस गरेका थिए। सारा भिड नै येशूको पछि होशन्ना भनेर चिच्याएका थियो। त्यस शब्दको अर्थ "अहिले हामीलाई उद्धार गर्नुहोस्" हो। पछि आएर "परमेश्वरको प्रशंसा होस्" भन्नेमा प्रयोग गर्न थालेको थियो।

सारा मर्कूसको विवरणभरि येशूले आफूलाई गुपचुप राख्न अऱ्हाइएको समय अब वितेको थियो। अब येशू खुला रूपमा यरुशलेममा राजकीय यात्राको प्रतिकमा प्रवेश गर्नुहुन्छ। उहाँ मन्दिरमा प्रवेश गर्नुहुन्छ। यो अपरान्हको समय थियो। उहाँले यताउती हेरेर आफ्ना चेलाहरूसँग बेथानीमा जानुहुन्छ। भिडमा दङ्गा वा विद्रोह मचिनु वा मचाउनुको सट्टा चुपचाप शान्त ठाउँमा येशू आफ्ना चेलाहरूसाथ जानुहुन्छ। तर भोलिपल्टको घट्ना फरक हुने थियो।

***यथार्थमा गधामा येशू चढ्नुभएको चर्तिकलाले उहाँ कतिको नम्र हुनुभएको देखाउँदछ। येशूभक्तहरूको बिचमा यो मिजास किन महत्त्वपूर्ण छ? क्रूसको सन्दर्भमा हामीमा गौरव गर्ने, आफ्नो भाउ खोज्ने प्रवृत्ति वा घमण्ड गर्नु के छ र?***

## २. श्रापित रूख र मन्दिरको शुद्धिकरण

**मर्कूस ११:१२-२६ पढ्नुहोस्। यसमा चित्रण गरेका घट्नाहरूका अर्थ के हो? हेर्नुहोस्, "१२ भोलिपल्ट उहाँहरू बेथानियाबाट आउनुहुँदा उहाँ भोकाउनुभयो। १३ अनि टाढ़ामा पातले भरिएको एउटा अञ्जीरको रूख देखेर कतै त्यसमा केही फल पाउँछु कि भनेर उहाँ जानुभयो, तर त्यहाँ पुग्नुभएपछि उहाँले रूखमा पातबाहेक केही पाउनुभएन, किनकि त्यस बेला अञ्जीरको फल फल्ने समय भएको थिएन। १४ तब उहाँले त्यस रूखलाई भन्नुभयो, "अब उसो कसैले पनि तँबाट फल नखाओस्।" अनि यो भनेको उहाँका चेलाहरूले सुने। १५ अनि यरूशलेममा पुग्नुभएपछि उहाँ मन्दिरभित्र पस्नुभयो, अनि मन्दिरमा किनबेच**

गर्नेहरूलाई बाहिर निकाल्नुभयो र पैसा साट्नेका टेबिलहरू र परेवा बेच्नेका
बस्ने ठाउँहरू पल्टाइदिनुभयो। १६ उहाँले कसैलाई कुनै थोक मन्दिरबाट
लैजान दिनुभएन। १७ अनि उहाँले शिक्षा दिँदै भन्नुभयो, "के यसो लेखिएको
छैन, 'मेरो घर सब जातिहरूका निम्ति प्रार्थनाको घर कहलाइनेछ'? तर
तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" १८ अनि मुख्य
पूजाहारीहरू र शास्त्रीहरूले यो सुनेर उहाँलाई कसरी नाश पारौं भनी उपाय
खोज्न लागे। किनभने तिनीहरू उहाँसँग डराउँथे, किनकि सारा भीड़ले उहाँको
शिक्षामा अचम्म मानेका थिए। १९ साँझ पर्दा उहाँ सहर बाहिर निस्केर
जानुभयो। २० बिहान त्यहाँबाट पहिलेकै बाटो जानुहुँदा उहाँहरूले त्यस
अञ्जीरको रूखलाई जरैबाट सुकेको देख्नुभयो। २१ अनि पत्रुसलाई यो सम्झना
भयो, र तिनले उहाँलाई भने, "रब्बी, हेर्नुहोस्, तपाईंले सराप दिनुभएको अञ्जीरको
रूख त सुकेछ।" २२ येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "परमेश्वरमा
विश्वास राख। २३ साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा
शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाड़लाई
'उखेलिएर तँ समुद्रमा खस्' भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ।२४
यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका
छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ। २५ जब तिमीहरू प्रार्थना
गर्न खड़ा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि
स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन्।
[ २६ तर क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका
अपराधहरू क्षमा गर्नुहुनेछैन।" ]।

बिहान येशू र उहाँका चेलाहरू बेथानीबाट यरुशलेम जाँदै हुनुहुन्थ्यो। यरुशलेम बेथानीबाट दुई माइल वा तीन किलोमिटर जति पर्छ। येशू भोकाउनुभएको थियो। बाटोको छेउमा उहाँले अञ्जिरको रूख देख्नुभयो। त्यो रूख हरियो पातले ढाकिएको थियो। त्यसमा केही फल पाइन्छ कि भनेर उहाँ त्यस रूखनिर पुग्नुभयो। आफ्नो भोक मेटाउन कसैको वा छिमेकीको बारीबाट टिपेर खानु चोरेको ठहर्दैनथ्यो किनकि पुरानो करारको नियम अनुसार त्यो मान्य थियो (लेबी १९:९, लेबी २३:२२, व्यवस्था २३:२५)। तर हरियो र फल भएको जस्तै देखिने रूखमा केही फल नपाएपछि उहाँले रूखलाई सराप्नुभयो,"तिम्रो रूखबाट अबदेखि कसैले फल नखाउन्" (मर्कूस ११:१४)।

येशूको यो सम्बोधन अनौठो र उहाँको मिजासलाई झल्काउँदैनथ्यो। तर भोलिपल्ट के हुन्छ त्यो त झन झट्का दिने खालको थियो।

जब येशू मन्दिरमा जानुभयो त्यो अन्यजातिहरू जम्मा हुने ठाउँ हुनुपर्छ। त्यहाँ अन्यजातिहरूले बलिको निम्ति पशु, भङ्गेरा र अरू सामानहरू बेच्दै थिए। यो अनुमति मुख्य पुजारी कायफसले दिएका थिए। येशूले मन्दिरको त्यस परिसरबाट सबैलाई धपाउनुहुन्छ। परमेश्वरको आराधना श्रद्धा र शान्तपूर्वक गरियोस् भन्ने येशूको चाहना थियो। उहाँको यो काम मन्दिरमा हुने विधिहरूको रेखदेख गर्ने मानिसहरूको निम्ति घोर आपत्ति थियो।

त्यस मन्दिरको परिसरमा भइरहेको हल्लीखल्ली, किनबेच गर्ने मानिसहरूको घुइँचोले मन्दिरलाई नै अपवित्र पारिरहेको थियो। मन्दिर त सबै मानिसहरूको निम्ति प्रार्थनाको घर हो भनेर उहाँले जिकिर गर्नुभएको थियो (यशैया ५६:७)। सबै भन्दा अन्य जाति पनि समावेश भएको थियो। अनि उहाँले भन्नुभयो त्यो मन्दिर त धर्मका अगुवाहरूले डाँकाहरूका ओडार बनाएको छ (यर्मिया ७:११)। अनि यस अचम्मको दिन पछि आफ्ना चेलाहरूसँग येशू सहरबाट बाहिर जानुहुन्छ (मर्कूस ११:१९)।

भोलिपल्ट बिहान जब येशू र उहाँका चेलाहरू फर्किन्दै थिए (मर्कूस ११:२०-२६) तब अञ्जिरको रूख जरैदेखि सुकेको देखेर चेलाहरू चकित भए। चेलाहरूको जिज्ञासा मेटाउन येशूले त्यस रूखबाट प्रार्थना र क्षमाको बारेमा पाठ सिकाउनुहुन्छ। यसको अर्थ के हो?

यी दुई कथाहरू मर्कूसको पुस्तकमा चौथो सैन्डविच वा चक्की हुन्। दुवै रूख र मन्दिरका पूजारीहरूले समान सन्देश दिइरहेका छन्। तिनीहरू भिन्नाभिन्नै भएतापनि र भिन्नाभिन्नै स्थान र परिस्थितिमा भएतापनि तिनीहरूको क्रियाकलापले दिएको सन्देशले धर्मको नाउँमा चल्ने धर्मगुरुहरू र झट्ट हेर्दा हरियो देखिने फलबिहिन बिरुवा प्रति येशूको मनस्थिति कस्तो रहेछ भनेर उहाँले चेलाहरूलाई नाटकीय ढङ्गले सिकाउन खोज्नुभएको थियो। दुवै चरित्र वा रूख र मन्दिर परमेश्वरको अगाडि समान भएको देखिएको छ। तर येशूले तिनीहरू प्रति विपरित कामहरू देखाउनुभएको थियो। उहाँले रूखलाई सराप दिनुहुन्छ भने मन्दिरलाई शुद्ध गर्नुहुन्छ। रूख सुकेपछि त्यसले केही गर्न नसकिने अवस्था थियो। तर धार्मिक अगुवाहरू धर्ममा हरियो, परियो देखेतापनि तिनीहरूमा परमेश्वरको लक्ष नभएकोले येशूको अगाडि तिनीहरू मरेतुल्य थियो। तिनीहरूले धर्मको नाउँमा यो बिडम्बना प्रकट गरेका थिए कि येशूको हत्या

गर्न षडयन्त्र रच्न पुगेका थिए। यस स्थितिमा तिनीहरू आत्मिक रूपमा मरेको रूख जस्तै थिए। येशूको मृत्युपछि यहूदी धर्ममा गरिने सबै धर्मकर्म, बलि र मन्दिरमा गरिने सबै सेवाकार्यको औचित्य समाप्त भएको हुने थियो। यो ती धर्मका गुरुहरूलाई थाहा थिएन वा यस प्रति तिनीहरू लाटो नै थिए जसरी मरेको रूखलाई केही थाहा हुँदैन।

*तपाईंको जीवनमा सफा गर्नुपर्ने के छ? त्यसलाई कसरी सफा गर्ने?*

## ३. यो गर्न सक्छ भनेर कसले भन्यो?

**यहूदी धर्मका पण्डित तथा अगुवाहरूले जहिले पनि येशूसँग विवाद गर्न चाहन्थे र उहाँलाई दवाउन चुनौती दिन खप्पिस पनि थिए। तर उहाँले निडर भएर तिनीहरूको सामना गरेका थिए। मर्कूस ११:२७-३३मा तिनीहरूले उहाँको आधिकारिता प्रति चुनौती दिएको उल्लेख गरिएको छ। त्यसलाई उहाँले कसरी सामना गर्नुभयो? हेर्नुहोस्, " २७ उहाँहरू फेरि यरूशलेममा आउनुभयो। अनि येशू मन्दिरमा यताउता हिँड्रिरहनुहुँदा मुख्य पूजाहारीहरू, शास्त्रीहरू, धर्म-गुरुहरू उहाँकहाँ आए। २८ तिनीहरूले उहाँलाई प्रश्न गरे, "कुन अधिकारले तिमी यी कामहरू गर्दछौ? यी कामहरू गर्ने अधिकार तिमीलाई कसले दियो?" २९ येशूले तिनीहरूलाई भन्नुभयो, "म तिमीहरूलाई एउटा प्रश्न सोध्छु, र तिमीहरूले त्यसको जवाफ देओ, र कुन अधिकारले म यी काम गर्दछु, सो तिमीहरूलाई भन्नेछु। ३० यूहन्नाले दिएको बप्तिस्मा स्वर्गबाट हो कि मानिसबाट, मलाई जवाफ देओ।" ३१ तब तिनीहरू यसो भन्दै आपसमा बहस गर्न लागे, " 'स्वर्गबाट' भनौं भनेता 'तिमीहरूले उनीमाथि किन विश्वास गरेनौ' भनी तिनले भन्नेछन्। ३२ 'मानिसहरूबाट' भनौं कि" तर यसो भन्न उनीहरू जनतादेखि डराए। किनकि सबैले यूहन्नालाई साँचो अगमवक्ता भनी ठान्थे। ३३ तब तिनीहरूले येशूलाई जवाफ दिएर भने, "हामीलाई थाहा छैन।" येशूले तिनीहरूलाई भन्नुभयो, "म पनि कुन अधिकारद्वारा यी काम गर्दछु, सो तिमीहरूलाई भन्दिनँ।"**

मन्दिरमा सौदा गर्नेहरूलाई धपाएको एक दिन पछि धार्मिक अगुवा, शास्त्री, पण्डित र पुजाहारीहरू मन्दिरको परिसरमा आएर कुन अधिकारले मन्दिरबाट व्यापारीहरूलाई हटाउनुभएको थिए भनेर उहाँसँग केरकार गरे। उहाँलाई धरापमा पार्न तिनीहरूले सोधेका थिए। तिनीहरूलाई सत्यको खोजमा थिएन। यदि उहाँले परमेश्वरबाट त्यो अधिकार पाएको भनेर जवाफ दिए भने

जाबो गाउँले सिकर्मी त्यो अधिकार कसरी पाए भनेर उहाँ प्रति आपत्ति जनाउँथे। यदि उहाँले मानवीय अधिकारबाट त्यो काम गरेको भनेर दावि गरे उहाँ मूर्ख तथा बहुला भनेर उहाँलाई बेवास्ता वा तिरस्कार गर्ने थिए।

तिनीहरूको प्रश्नले उहाँलाई धरापमा पार्न खोजेका थिए भनेर उहाँले महसुस गर्नुभएर उहाँले प्रश्नै गरेर तिनीहरूलाई धरापमा पार्नुभएको थियो। बप्तिस्मा दिने यूहन्नाको बप्तिस्मा परमेश्वरबाट हो कि मानिसबाट भनेर उहाँले तिनीहरूलाई सोध्नुभयो। ल, हामीलाई पो धरापमा पारे भनेर ती अगुवाहरूले बुझे। यदि त्यो परमेश्वरबाट आएको हो भने येशूले भन्ने थिए, "तब तिमीहरूले उहाँलाई किन विश्वास गरेनौ?" तर मानिसहरूबाट हो भने तिनीहरू जनसमूहबाट डराउँथे। त्यसकारण, त्यस प्रश्नलाई ढाकछोप गर्न तिनीहरूले झुठ बोले। हामीलाई थाहा छैन भनेर तिनीहरूले जवाफ दिए। अनि यो मौकामा येशूले पनि तिनीहरूको प्रश्नको जवाफ दिन अस्वीकार गर्नुभएको थियो।

**उहाँको अस्वीकारलाई तिनीहरूलाई बुझाउन उहाँले तिनीहरूलाई एक अर्तिकथा भन्नुभएको थियो। त्यसको असर कस्तो थियो? हेर्नुहोस्, " १ उहाँले तिनीहरूलाई दृष्टान्तहरूमा भन्न लाग्नुभयोः "एक जना मानिसले दाखबारी लगाएर त्यसको वरिपरि बार लगाए, र कोलको निम्ति एउटा खाल्डो खने। अनि एउटा मचान बनाएर तिनले दाखबारी मोहीहरूलाई कमाउन दिए, र आफूचाहिँ परदेश लागे। २ फसलको समयमा तिनले ती मोहीहरूबाट केही फल लिन एक जना नोकरलाई पठाए। ३ तर तिनीहरूले त्यसलाई पक्रेर पिटे र रित्तै हात पठाए। ४ फेरि तिनले तिनीहरूकहाँ अर्को नोकरलाई पठाए, तर तिनीहरूले त्यसको टाउकोमा हिर्काए र त्यसको बेइज्जत गरे। ५ मालिकले अझै अर्कालाई पठाए, तर त्यसलाई तिनीहरूले मारे, र अरू धेरैलाई पनि पठाए, तर तिनीहरूले कसैलाई पिटे र कसैलाई मारे। ६ "तिनको अब एक जना थियो– तिनका प्रिय पुत्र। 'तिनीहरूले मेरा छोरालाई त आदर गर्लान्' भनेर सबैभन्दा पछि तिनले उनैलाई तिनीहरूकहाँ पठाए। ७ "तर ती मोहीहरूले आपसमा भने, 'यो त उत्तराधिकारी हो। आओ, हामी यसलाई मारौं, र हक हाम्रो नै हुनेछ।' ८ अनि तिनीहरूले उनलाई पक्रेर मारे, र दाखबारीको बाहिर फ्याँकिदिए। ९ "तब दाखबारीका मालिकले के गर्नेछन्? तिनी आउनेछन्, र ती मोहीहरूलाई नाश गर्नेछन्, र दाखबारी अरूहरूलाई दिनेछन्। १० के तिमीहरूले धर्मशास्त्रको यो वचन पढेका छैनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो, ११ यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो**

**आश्चर्यमय छ।' १२ त्यसपछि तिनीहरूले उहाँलाई पक्रन खोजे, किनकि यो दृष्टान्त उहाँले तिनीहरूकै विरुद्धमा भन्नुभएको हो भनी तिनीहरूले बुझे। तर तिनीहरू भीड़सँग डराएको कारणले उहाँलाई छोड़ेर गइहाले।" मर्कूस १२:१-१२।**

येशूले दाखबारीको अर्तिकथा तिनीहरूलाई सुनाउनुभयो। एक जना जमिन्दारले मोहीहरूलाई त्यो बारीको हेरचाह गर्न सुम्पे। यो अर्तिकथा यशैया ५मा लेखिएको अर्तिकथासँग मिल्दो जुल्दो छ। विश्वासघाती इस्राएलहरू भ्रष्ट भएकोले तिनीहरूको विरुद्ध परमेश्वरले गम्भीर आरोप लगाउनुभएको यशैया ५मा वर्णन गरिएको छ। येशूले भन्नुभएको अर्तिकथा यशैयाको अर्तिकथासँग मिल्छ भनेर सबैलाई थाहा थियो। विशेष गरेर त्यो अर्तिकथा धार्मिक अगुवा, पण्डित, शास्त्रीहरू प्रति लक्षित गरिको थियो भनेर तिनीहरूले बुझेका थिए।

मोहीहरूले जमिन्दारलाई बारीबाट फलहरू नदिने निर्णय गरेको अर्तिकथा असमान्य नै मान्नुपर्दछ। त्यति मात्र नभएर बारीको उब्जनी दावी गर्न आएका जमिन्दारका नोकरहरूलाई तिनीहरूले दुर्व्यवहार गर्छन् र मार्छन पनि। आखिरमा त्यो सबै सहेर जनिन्दारले आफ्नो प्रियपुत्र पठाउँछन्। कमसेकम तिनीहरूले उसलाई त आदर गर्लान् भनेर अपेक्षा गर्दै बढो सहिष्णुता र धैर्य अपनाएर पठाएका थिए। तर जमिन्दारको अपेक्षालाई तिनीहरूले लात हाने। यदि उसलाई मार्‍यो भने सबै बारी आफ्नै हुनेछ भनेर तिनीहरू मिलोमत्तो गरेर उसलाई पनि मारे। तिनीहरूको तर्क अत्यनै गलत थियो। जमिन्दारले मानिसहरू पठाएर ती मोहीहरूलाई बारीबाट मात्र हटाएनन् तिनीहरूलाई नाश पनि गरे र त्यो बारी अर्कैको जिम्मा लगाइदिए। बेइमान मोहीहरूलाई तिनीहरूकै दुष्टताको फल चाख्न दिए।

***यहूदी धर्मका अगुवा, पण्डित, शास्त्री र पूजारीहरूलाई तिनीहरू कतातिर गइरहेका छन् भनेर येशूले गम्भीर चेतावनी दिनुभएको थियो। खासमा यो अर्तिकथा परमेश्वरको प्रेममा आधारित भविष्यवाणी थियो। तिनीहरूले सामना गर्ने न्यायबाट पन्छिन ढिलो भएको छैन र तिनीहरू परिवर्तन हुन अवसर छ भन्ने त्यस अर्तिकथाले सिकाएको थियो। कतिले पश्चात्ताप गरे होलान्, परिवर्तन भए होलान् र येशूलाई ग्रहण गरे होलान्। तर कतिले गरेनन् पनि।***

## ४. सांसाकारिक काम तथा कर्तव्यहरू र स्वर्गबाट आउने नतिजा

**मर्कूस १२:१३-२७ पढ्नुहोस्। यहाँ के भइरहेको छ र के विद्या वा सत्यहरू येशूले सिकाउन खोज्नुभएको छ? हेर्नुहोस्, " १३ पछिबाट उहाँलाई कुरामा**

फसाऔं भनेर तिनीहरूले फरिसीहरू र हेरोदीहरूमध्येका कोही व्यक्तिहरूलाई उहाँकहाँ पठाए। १४ तिनीहरू आएर उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं, तपाईं साँचो हुनुहुन्छ, र कसैको वास्ता गर्नुहुन्न। किनकि तपाईं मुख हेरेर काम गर्नुहुन्न, तर परमेश्‍वरको मार्ग साँचो रीतिले सिकाउनुहुन्छ। भन्नुहोस्, कैसरलाई कर तिर्नु न्यायसङ्गत छ कि छैन? १५ हामी कर तिरौं कि नतिरौं?"

येशूले तिनीहरूको कपटीपन थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन मलाई परीक्षा गर्दछौ? एउटा दिनार ल्याएर देखाओ।" १६ तिनीहरूले एउटा सिक्का ल्याए। उहाँले तिनीहरूलाई भन्नुभयो, "यो तस्वीर र छाप कसको हो?" तिनीहरूले उहाँलाई भने, "कैसरको।" १७ तब येशूले तिनीहरूलाई भन्नुभयो, "कैसरका चीजहरू कैसरलाई देओ, र परमेश्‍वरका चीजहरू परमेश्‍वरलाई।" तिनीहरू उहाँसँग अचम्म माने। १८ मृतकबाट पुनरुत्थान हुँदैन भन्ने सदुकीहरू उहाँकहाँ आए, अनि उहाँलाई सोधे, १९ "गुरुज्यू, मोशाले हामीलाई लेखिदिएका छन्, कि कसैको दाजु मऱ्यो र निस्सन्तान भएर पत्नीलाई छोडिराख्यो भने, उसको भाइले त्यस स्त्रीलाई लैजानुपर्छ र आफ्नो दाज्यूको निम्ति सन्तान खड़ा गर्नुपर्छ।" २० एउटा परिवारमा सात भाइ थिए। जेठोले एउटी पत्नी ल्यायो, अनि त्यो मानिस निस्सन्तान भएर मऱ्यो। २१ अब माहिलो भाइले त्यस स्त्रीलाई विवाह गऱ्यो, र त्यो पनि निस्सन्तान भएर मऱ्यो। अनि साहिँलाले पनि त्यस्तै गऱ्यो। २२ अनि सातै भाइको सन्तान भएन। सबैभन्दा पछि त्यो स्त्री पनि मरी। २३ अब मृतकहरूको पुनरुत्थानमा तिनीहरूमध्ये त्यो कसकी पत्नी हुन्छे? किनकि ती सातै जनाले त्यसलाई विवाह गरेका थिए।" २४ येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू भूलमा परेको कारण यही होइन र, कि तिमीहरू न त धर्मशास्त्र जान्दछौ, न परमेश्‍वरको शक्तिलाई जान्दछौ? २५ किनकि जब मृतकबाट तिनीहरूको पुनरुत्थान हुन्छ, तिनीहरू न त विवाह गर्छन्, न तिनीहरूको विवाह हुन्छ, तर तिनीहरू स्वर्गमा भएका दूतहरूजस्तै हुन्छन्। २६ मृतकहरू जीवित भई उठ्ने कुराको विषयमा के तिमीहरूले मोशाको पुस्तकमा पढ़ेका छैनौ? कि कसरी पोथ्रोको विषयमा लेखिएको खण्डमा परमेश्‍वरले मोशालाई भन्नुभयो, 'म अब्राहामका परमेश्‍वर, इसहाकका परमेश्‍वर र याकूबका परमेश्‍वर हुँ।' २७ उहाँ मुर्दाहरूका परमेश्‍वर हुनुहुन्न, तर जिउँदाहरूका हुनुहुन्छ। तिमीहरू एकदमै भूलमा परेका छौ।"

यहूदी धर्मगुरुहरूले येशूलाई धरापमा पारेर उहाँलाई दोष दिन जहिले पनि प्रयास गरिरहेका थिए। उहाँलाई धर्मको नाउँमा होस् वा रोमी सरकारबाट

होस् वा मानिसहरूको सम्मुख दोष लगाउन अनेकौं जटिल प्रश्नहरू गरेर उहाँलाई फसाउन ती धर्मगुरुहरूले कहिल्यै पनि छोडेनन्। यहाँ करको मामिलामा विवाद ल्याएर उहाँलाई फसाउन खोजेका थिए। यस समय र स्थानमा कर नतिर्नु भनेको रोमी सरकारको विरुद्धमा खडा भएको प्रमाणित हुन्थ्यो। यो एकदम गम्भीर अपराध थियो।

जब सिजरको धन सिजरलाई नै फर्काउ र परमेश्वरको धन परमेश्वरलाई नै फर्काउ भन्ने उहाँको जवाफले तिनीहरू नाजवाफ भएका थिए। यसले उहाँलाई धरापमा पार्न सकेनन्। तर उहाँको जवाफले प्रत्येक येशूभक्तको निम्ति उल्लेखनीय शिक्षा उपलब्ध गराएको छ। सरकार प्रति येशूभक्तको दायित्वलाई उहाँले समर्थन गर्नुभएको उहाँको जवाफले देखाएको छ। "तिनीहरू रोमको शक्तिको संरक्षणमा रहेकोले त्यसलाई आफ्नो शक्तिले भ्याएसम्म सहयोग गर्नु पर्थ्यो। सरकारका नीतिहरू परमेश्वरका नीतिहरूसँग बाझिएन भने सरकारलाई थाम्न प्रत्येक येशूभक्तको जिम्मेवारी हो। आफू रहेको देशका नीतिहरूसम्मत शान्तिसँग रहेतापनि तिनीहरूको पहिलो प्राथमिकता परमेश्वर प्रति बफादारी हुनु हो।"–*द डिजाएर अभ एजेज,* पृ. ६०२।

अर्को प्रश्न उहाँलाई छेडेको मरेकाहरूको पुनरुत्थानको बारेमा थियो। सदुकीहरू ती पुजारीहरूको समूह थिए जसले मोशाको पहिलो पाँच पुस्तकहरूमा मात्र विश्वास गर्दथे। बाइबलक अरू किताबहरू प्रति तिनीहरूको चासो थिएन। मरेकाहरू पुनरुत्थान हुनेछ भन्ने शिक्षामा तिनीहरूले विश्वास गर्दैनथे। जुन विवरण दिएर येशूलाई सोधेका थिए त्यो विवरण केवल अनुमानित र काल्पिनिक कथा मात्र थियो।यसमा सात दाजुभाइहरू र एक स्त्रीको बारेमा थियो। मोशाको नियम अनुसार परिवार वा वंशलाई निरन्तरता दिन यदि कोही मानिस मऱ्यो र उसका कोही सन्तान भएन भने उसको भाइले विधवीलाई विवाह गर्न सक्थ्यो। उनबाट जन्मेको कोही सन्तान त्यो मरेको मानिसको कानुनी रूपमा उसकै हुन्थ्यो (व्यवस्था २५:५-१०)।

येशूलाई नैतिकतामा धरापमा पार्न सदुकीहरूले पुनरुत्थानको शिक्षालाई बेठिक बनाउन उहाँलाई प्रश्न गरेका थिए। पुनरुत्थानमा विधवी कसको पत्नी हुनेछ भनेर सोध्दै उहाँलाई नैतिक आधारमा ती गुरुहरूले पासोमा पार्न खोजेका थिए। येशूले तिनीहरूको त्यो विवादलाई दुई चरणमा जवाफ दिनुभयो। उहाँले धर्मशास्त्रमै के लेखिएको छ र परमेश्वरको शक्ति के हो भनेर औंल्याएर तिनीहरूलाई धरापमा पार्नुभएको थियो। प्रथमतः उहाँले

पुनरुत्थानमा परमेश्वरको शक्तिको बारेमा बताउनु भएको थियो। स्वर्गमा विवाह हुनेछैन भनेर उहाँले जिकिर गर्नुभएको थियो। अनि उहाँले प्रस्थान ३:१-२२कै आधारमा पुनरुत्थानको शिक्षाको पक्षमा बोल्नुभएको थियो। यहाँ परमेश्वर अब्राहम, इसहाक र याकूबका परमेश्वर हुनुहुन्छ भनेर सम्बोधन गरिएको छ। तिनीहरूको पुनरुत्थान हुनेछ र यदि परमेश्वर अब्राहम, इसहाक र याकूबका परमेश्वर हुनुहुन्छ भने तिनीहरू मरेको मर्‍यै हुनेछैन। अहिले तिनीहरू मरेपनि तिनीहरू पुनरुत्थान हुनेछ भन्ने विद्यालाई उहाँले समर्थन गर्नुभएको थियो।

***यदि तपाईंलाई कसैले सोधे, "के तपाईंलाई परमेश्वरको शक्ति थाहा छ?" भनेर सोध्यो भने तपाईंले के जवाफ दिनुहुन्छ?***

## ५. सबभन्दा महान् आज्ञा

**एक जना मिलनसार पण्डितले येशूसँग एउटा गहिरो प्रश्न गरेका थिए। येशूले उनको जवाफमा दोब्बर शिक्षा थियो। त्यो के हो हेर्नुहोस्, मर्कूस १२:२८-३४ " २८ शास्त्रीहरूमध्ये एक जना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने। येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो?" २९ येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो होः 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ३० तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई तिमीहरूको सारा हृदयले, तिमीहरूको सारा प्राणले, तिमीहरूको सारा समझले, र तिमीहरूको सारा शक्तिले प्रेम गर्।' ३१ दोस्रोचाहिँ यो हो, 'तिमीहरूले आफ्ना छिमेकीहरूलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।" ३२ त्यस शास्त्रीले उहाँलाई भने, "गुरुज्यू, तपाईंले ठीक भन्नुभयो, परमेश्वर एउटै हुनुहुन्छ, उहाँबाहेक अर्को कोही छैन। ३३ उहाँलाई सारा हृदयले, सारा समझले, सारा शक्तिले प्रेम गर्नु, र छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु सबै होमबलि र बलिदानहरूभन्दा उत्तम हो।" ३४ तिनले बुद्धिमानीसाथ जवाफ दिएका देखेर येशूले तिनलाई भन्नुभयो, "तिमी परमेश्वरको राज्यदेखि टाढ़ा छैनौ।" त्यस समयदेखि उहाँलाई प्रश्न गर्ने कसैको हिम्मत भएन।"**

यस समयसम्म यहूदी धर्मका गुरु, पण्डित, शास्त्री र पुजारीहरू येशू प्रति पूर्वाग्रह र उहाँको विरोध गरेका मर्कूसले लेखेका थिए। केवल केही मात्र उहाँलाई आदर गरिन्थे। यरुशलेममा उहाँको समय अधिक मात्रामा बितेको थियो। त्यहाँ उहाँले धर्मगुरुहरूसँग निकै सामना गर्नुपरेको थियो। मन्दिरमा गरिने पूजा वा विधिहरूको बारेमा ती अगुवाहरूले विवाद गरेका

थिए। यहूदी धर्मको मुटु नै यरुशलेमको मन्दिर थियो वा तिनीहरूलाई पहिचान गर्ने चिनो नै तिनीहरूको मन्दिर प्रति आस्था थियो। शास्त्रीहरूले उहाँसँगको विवादहरू ध्यानपूर्वक सुनेका थिए र उहाँको जवाफमा इमान्दारी देखाएकोले कतिपयले उहाँको सराहना गरेका थिए भने कतिपयले उहाँमाथि शत्रुतापूर्वक व्यवहार गरेका थिए। तर येशूले साहसिलो भएर तिनीहरूको सामना गर्नुभएको थियो। उहाँको क्रियालापहरूलाई कतिले मुक दर्शक भएर हेरेका थिए भने कतिले सहानुभूतिपूर्वक हेरेका थिए। तर एक जना मानिस केवल दर्शक मात्र हुन चाहेको थिएन।

यस धर्मगुरुका पण्डित वा शास्त्रीले यहूदी धर्मको मूल सारमा येशूको प्रतिक्रिया कस्तो थियो भनेर थाहा पाउन चाहेका थिए। यहूदी धर्ममा दश आज्ञाहरू अत्यन्तै महत्त्वपूर्ण आज्ञा थियो र यो यहूदी धर्म (बाइबललाई मान्ने येशूभक्तहरूको निम्ति पनि)को मूल सार नै थियो र छ पनि। येशूले सरल र स्पष्ट तरिकाले व्यवस्था ६:४,७ शेमालाई shema उद्धरण गर्नुभएको थियो। यो यहूदी धर्ममाथि विश्वासको स्वीकार थियो। सारा हृदय, आत्मा, दिमाग र बलले परमेश्वरलाई प्रेम गर्नु नै सबभन्दा महान् आज्ञा हो भनेर येशूले भन्नुभएकोफ थियो। हाम्रो सम्पूर्ण जीवन र त्यसका पक्षहरूले परमेश्वरलाई प्रेम गर्नु नै हाम्रो परम धर्म हो। शास्त्रीले नसोधेको प्रश्नलाई पनि जवाफ दिँदै पुरानो करारबाट नै उतार्दै छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु भनेर उहाँले सुनाउनुभएको थियो। यो लेबी १९:१८मा लेखिएको छ।

प्रेम गर्न आदेश नै दिनु कतिको सम्भव छ भनेर कतिले सोच्छन्। तर त्यसबेलाको संस्कार अनुसार व्यवस्थामा लेखिएको आज्ञालाई हामी बुझ्न सक्छौं। यो "प्रेम" भन्ने शब्द पौराणिक समयमा दुई पक्षहरूको बिचमा हुने सम्झौतामा प्रयोग गरिएको भाषाबाट आएको हो। यो प्रेम भन्ने शब्दले सम्झौताका बुँदाहरूलाई कार्यान्वयन गर्न बफादार हुन अपेक्षा गरिएको हुन्थ्यो। दुई समूहको बिचमा भएको गहिरो सम्बन्ध र स्नेहलाई देखाउन नै सम्झौतालाई पालन गरेर प्रकट गर्नुपर्थ्यो।

शास्त्री इमान्दार थियो र येशूको जवाफमा उहाँको सरलता र स्पष्पतता भएको उनले देखेका थिए र उनले येशूको समर्थन प्रति सराहना गरेर व्यक्त गरेका थिए। येशूको जवाफमा मूल्य भएकोले त्यस शास्त्रीको समर्थन प्रति अरू धार्मिक अगुवाहरूले अनुहार खुम्च्याएका होलान्। उहाँको पक्षमा अरू कुनै धार्मिक अगुवाहरू उभेका थिएनन्। शास्त्रीको इमान्दार जवाफ प्रति येशूले पनि समर्थन जनाउनुभएको थियो। उनी परमेश्वरको राज्यबाट टाढा थिएन भनेर उनलाई हौशला दिनुभएको थियो। तर त्यो शास्त्रीले येशू को

हुनुहुन्थ्यो र उहाँलाई पछ्याउने कदम चालेको नदेखाएकोले उनी परमेश्वरको राज्यमा प्रवेश गर्ने कुरामा प्रश्न नै त थियो। बाइबलको वचनमा विश्वास गरेर मात्र पुग्दैन तर विश्वासमा अघि बढ्न उहाँलाई चिनेर ग्रहण गर्नु अपरिहार्य छ।

***परमेश्वर र छिमेकीलाई आफू जस्तै प्रेम गर्न हामीले कसरी सिक्ने? ती सबै आदेशहरूको पालना गर्ने साँचो क्रूसमा किन छ?***

## उपसंहारः

**थप जानकारीः द डिजाएर अभ एजेजको पृ. ५८०-६०९को "द डुम पिपुल," "द टेम्पल क्लिन्स एगेन," र "कन्त्रोभर्सी।"**

"येशूले आफ्नै शक्तिले उभ्याउनुभएको रूखलाई ख्रीष्टले सराप्नुले सारा इसाईहरू र चर्चहरूको निम्ति चेतावनी थियो। अरूलाई दुर्व्यवहार गरेर कसैले परमेश्वरका दश आज्ञाहरू पालन गरेर जिउन सक्दैन। तर एडभेन्टिस्ट इसाई हुँ भनेर दावी गर्ने धेरैले ख्रीष्टको दयालु र निस्वार्थी जीवन बिताइरहेका छैनन्। आफू प्रखर वा कट्टर एडभेन्टस्ट इसाई हुँ भनेर दावी गर्ने कतिपयलाई परमेश्वरको सेवा गर्नु भनेको के हो सो थाहा छैन। कतिपयले आफ्नो भाउ, कदर, प्रतिष्ठा र मान खोज्न मिशनमा काम गर्छन् तिनीहरूले योजना बनाउँछन् र अध्ययन गर्छन् तर आफूहरूलाई खुशी पार्न मात्रै। आफूले फाइदा पाएसम्म मात्र तिनीहरूको समय मूल्यवान भएको देख्छन् (अवकाश पाएपछि चर्चमा सहयोग गर्न पनि छोड्छन्)। तिनीहरूले आफ्नो जीवनमा जे गरेतापनि आफ्नो भाउ खोज्ने नियतले गर्दछन्। तिनीहरूले अरूको होइन आफैलाई सेवा गर्छन्। निश्वार्थी भएर सेवा गर्न नै परमेश्वरले यस संसारमा मानिसलाई सृष्टि गर्नुभएको थियो। सम्भव भए सबै बलले मानवको सेवा गर्ने ढाँचाले उहाँले मानिसलाई सृष्टि गर्नुभएको थियो। तर कतिपय मानिसको वा एडभेन्टिस्ट इसाई हुँ भन्ने दावी गर्नेको स्वार्थ यति ठूलो छ कि तिनीहरूलाई अरूलाई देख्न नै सक्दैन। तिनीहरूको मानवतालाई छुन पनि सकेको छैन। जो आफ्नो निम्ति मात्र जिउँछ त्यो अञ्जिरको रूख जस्तो हो। हेर्दा हराभरा थियो तर फलबिहिन थियो। तिनीहरू औपचारिक रूपमा आराधना गर्छन्, चर्चमा जान्छन् तर हृदयमा हुनु पर्ने पश्चात्ताप वा सकली विश्वास छैन। मुखले मात्र तिनीहरूले परमेश्वरका आज्ञाहरूको आदर गरेका छन् भनेर देखाउँछन् तर व्यवहारमा त्यो कमी छ। तिनीहरूले ओठले मात्र आफ्नो भक्ति देखाउँछन् तर व्यवहारमा उतार्दैनन्। अञ्जिरको रूखलाई येशूले गर्नुभएको फैसलाले देखावटी धर्म वा औपचारिक एडभेन्टिस्ट इसाईलाई उहाँले कतिको घृणा गर्नुहुन्छ भनेर देखाइएको थियो। परमेश्वरको सेवा गर्छु भनेर दावी गर्ने तर उहाँको महिमा वा इज्जत थाम्न फल नफलाउनेहरूभन्दा खुलेर पाप गर्नेहरू उहाँको सामु कम

दोषी हुन्छ भनेर त्यस श्रापित अञ्जिरको रूखबाट येशूले घोषणा गर्नुहुन्छ।"-*द डिजाएर अभ एजेज,* पृ. ५८४।

**चिन्तनमननः**

अ. येशूले मन्दिर सफा गर्नुभएको अर्थ गहिरिएर सोच्नुहोस्। यही कुरा हाम्रो चर्चमा कसरी लागु गर्न सक्छौं? हाम्रो चर्चमा कहाँ सफा हुनु आवश्यक छ?

आ. सुसमाचारका पुस्तकहरूभरि येशूले बारम्बार धर्मशास्त्रलाई औंल्याउनु भएर भविष्यवाणी पूरा हुनुपर्छ भन्नुभएको लेखिएको छ। हाम्रो आस्थाको जीवनको केन्द्रविन्दुमा यो बुझ्नु किन अपरिहार्य छ? बाइबललाई कम महत्त्व दिने वा कमसल बनाउने कुनै पनि तत्त्वहरूलाई हामीले किन अस्वीकार गर्नुपर्छ? कतिपयले बाइबलमा परमेश्वरको बारेमा मानिसहरूकै सोच अनुसार रचिएको हो र परमेश्वरको धारणा नै मनगढन्ते भनेर हँस्सी उठाउँछन्। यस खालको प्रवृतिबाट हामी कसरी जोगिएर बस्नै?

इ. चर्च र राज्यको बिचमा कहाँ धर्सो तान्ने? येशूले मर्कूस १२:१३-१७मा येशूले भन्नुभएको अनुसार सरकार र परमेश्वरको बिचको मामिलालाई हामीले कसरी सम्हाल्न सक्छौं?

ई. पुनरुत्थानको बारेमा चर्चा गरिएका पदहरू बाइबलमा हेर्नुहोस्। यो विद्या हाम्रो आस्थाको किन केन्द्रविन्दु हो। कतिपय मानिसहरू मानिस मरेपछि के हुन्छ भन्ने अनेकौं धारणाहरू छन्। तर पुनरुत्थानको विद्याले हामीलाई मृत्युको बारेमा भएको अन्यौलता किन हट्छ?

## कथा ९
## सपनाले बाबुको जीवन नै परिवर्तन गऱ्यो, भाग ६

अनुशले आफ्नो बुबा परमेश्वरतिर फर्कून् भनेर धेरै वर्ष प्रार्थना गरिरहेकी थिइन्। जब आफू र आमालाई चर्चमा जान अनुमति पाए तब उनले बाबुको निम्ति झन जोडडार प्रार्थना गर्न थालिन। आफूलाई पितामा प्रकट गरिदिन अनुशले प्रार्थना गर्न थालिन्। "म कथाको मुख्य पात्र हुन चाहन्न। मलाई वास्ता नगर्नुहोस्। बुबालाई सपना, दर्शन वा साथीहरूद्वारा तपाईँ प्रकट गर्नुहोस्। उहाँले पनि मुक्ति पाऊन् भन्ने म चाहना गर्दछु," अनुशले परमेश्वरसँग बिन्तिभाउ गरिन्।

यो मामिला परमेश्वरलाई नै सुम्पेर उनले भनिन्, "परमेश्वर पिता यो तपाईँ र मेरो बाबुको बिचको मामिला हो।"

एक राति बाबुले सपना देखे। आफू रहेको आर्मेनियाको सहरको नजिकको अर्को सहरमा पानी परिरहेको उनले सपना देखे। केही मानिसहरू दगुरीरहेका र चिच्याइ रहेका तर अरूहरू शान्तपूर्वक गीत गाइरहेको सपना उनले देखे। त्यो सपना देखेर चकित हुँदै अनुश र आमालाई त्यसको बारेमा सुनाए।

त्यसै वखत उनले अनलाइनबाट पवित्र आत्माको बारेमा दिएको प्रवचन सुनिन्। उनले आफ्नो बाबुलाई यो बताइन्, "प्रचारकले भनेकी पवित्र आत्माको आगोले नर्कको आगोबाट हामीलाई बचाउनुहुनेछ। जब तपाईँले पवित्र आत्माको आगो पाउनुभयो भने तपाईँ युगको अन्तमा हुने आगोबाट त्रसित हुनुहुनेछैन।

आफूले देखेका सपनाका दगुरिरहेका मानिसहरूमा पवित्र आत्मा नभएको बाबुले महसुस गरे। तिनीहरू नरकको आगोदेखि डराइरहेका थिए। तर शान्तसँग प्रार्थना र गीत गाइरहेका मानिसहरूमा पवित्र आत्मा भएकोले तिनीहरू डराएका थिएनन्। येशू ख्रीष्टको बप्तिस्मामा पवित्र आत्मा ढुकुर जस्तो आउनुभएको उनले पढेको सम्झे (मत्ती ३:१६)।

"ओहो, म त बप्तिस्मा लिनुभपर्छ," बाबुले भने।

उनकै मुखबाट निस्केको ती वचनहरू अनौठो थियो। आर्मेनियमा कोही पनि इसाई हुनु गौरवको कुरा थियो। ई.सन्. ३०१मा आर्मेनियाका धेरै मानिसहरू इसाई भएका थिए। तर तिनीहरू ठुलो भएपछि होइन बच्चामा नै बप्तिस्मा दिन्थे। बाबुले के गर्ने थाहै भएन।

"तपाईंसँग बाइबल छ। तपाईंको प्रश्नको जवाफ तपाईंले बाइबलबाट नै थाहा पाउनुहोस्," अनुशले सुझाव दिइन्।

बाबुले बाइबललाई बडो ध्यान दिएर पढ्न थाले। उनले एक दिन साथीलाई उनले बाइबल पढिरहेको छ कि भनेर सोधे। "त्यसको बारेमा घमण्ड गर्ने के कुरा छ र? यदि भोलि नै येशू आउनुभयो भने के तपाईंले 'मैले बाइबल पढेको छु' भनेर मात्र पुग्छ र?" साथीले सुनाए।

त्यो प्रश्नले बाबु चकित भए। उनको पूरै शरीर काम्न थाले। केही समय पछि जब उनी साथीको घर छोडेपछि कारमा एक्लै भएको बेलामा आफ्नो हृदय परमेश्वरलाई पोखाए। "यदि भोलि नै येशू आउनुहुन्छ भने मैले उहाँलाई के भन्ने? यदि येशू साँच्चै नै आउनुहुन्छ भने मैले के जवाफ दिने?" यस सोचले उनको दिमाग नै रन्थननिन थाल्यो।

घरमा फर्केर उनले आमालाई सुनाए,"अर्को साबथ म तिमीहरूसँग चर्चमा जानेछु।"

तर सात जना महिलाहरू मात्र भएको आफ्नो घर नजिकको चर्चमा उनी जान चाहेनन्, त्यसकारण उनले भने, "अर्को सहरको चर्चमा जाऔं।"

त्यस दिनदेखि अनुशका बुबाले प्रत्येक हप्ता चर्चमा गएर परमेश्वरको आराधना गर्न थाले।